# प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन सम्बन्धमा नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सुदूरपश्चिम..... प्रदेश सामाजिक विकास मन्त्रालय र ..लालझाडी...............गाँउ/नगरपालिकाबीच भएको समझदारी

*रोजगारीको हकसम्बन्धी ऐन, २०७५* (यसपछि ऐन भनिएको) को दफा ८ को उपदफा (१) बमोजिम रोजगार कार्यक्रम सञ्चालन गर्नाका लागि मिति २०७५/१०/२५ गते नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत *प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५* (यसपछि निर्देशिका भनिएको) को दफा ९१ अनुसार संघ, प्रदेश र स्थानीय तहबीच पारस्परिक सहयोग, सहकार्य र समन्वय कायम गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न यो त्रिपक्षीय समझदारी गरिएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आ-आफ्नो तहबाट ऐन, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ (यसपछि नियमावली भनिएको) तथा निर्देशिकाले तोके बमोजिमको आ-आफ्नो भूमिका पूर्ण रुपले निर्वाह गर्न हामी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (यसपछि मन्त्रालय भनिएको) .सुदूरपश्चिम..... को सामाजिक विकास मन्त्रालय (यसपछि प्रदेशको मन्त्रालय भनिएको) र ...लालझाडी...............गाउँ/नगरपालिका (यस पछि गाउँ/नगरपालिका भनिएको) यो समझदारी मार्फत सामूहिक प्रतिवद्धता व्यक्त गर्दै यस समझदारीमा उल्लेखित व्यवस्थाहरुको पूर्ण पालना गर्न सहमत भएका छौं ।

१. कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा हामी तिनै पक्षहरुले तपसिलमा उल्लेख भएका विषयहरुलाई पालना गर्नेछौं :

(क) **रोजगार सेवा केन्द्रको संचालन** : ऐनको दफा १० तथा नियमावलीको नियम ५ बमोजिम गाँउ/नगरपालिकामा स्थापना गरिएको रोजगार सेवा केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमद्वारा नियुक्त रोजगार संयोजकलाई स्थानीय तहमा रोजगार सम्पर्क व्यक्तिका रुपमा कामकाज गराउन र परिचालन गर्न आवश्यक सहयोग र सहजीकरण गर्नेछौं ।

(ख) **बेरोजगार व्यक्ति र रोजागारीका अवसरको सूचना व्यवस्थापन तथा साझेदारी** : मन्त्रालय, प्रदेशको मन्त्रालय र स्थानीय तहमा रहने अनलाईन प्रणालीमा आधारित रोजगार व्यवस्थापन सूचना प्रणाली (Employment Management Information System - EMIS) मा आ-आफ्नो क्षेत्र भित्रका बेरोजगार व्यक्तिहरु र रोजगारीका अवसरहरुको यथार्थ सूचना संकलन गरी अद्यावधिक राख्नेछौं । त्यस्तो सूचना आवश्यकताका आधारमा एक अर्कामा अनलाइनबाटै आदान प्रदान गर्नेछौं ।

(ग) **कार्यक्रम कार्यान्वयन** : रोजगारीको हकसम्बन्धी ऐनको दफा ८ बमोजिम बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गर्न तथा दफा २० अनुसारको बेरोजगार सहायता प्रदान गर्न निर्धारित कार्यक्रमहरु सञ्चालन गर्नेछौं । सो को लागि ऐनको दफा २३ बमोजिम बजेटको व्यवस्था गर्नेछौं ।

(घ) **निर्वाह भत्ता**: सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी उपलब्ध गराउन नसकिएको अवस्थामा तोकिएको मापदण्ड पुगेका परिवारलाई कानून बमोजिम निर्वाह भत्ता उपलब्ध गराउन लाभग्राही परिवार पहिचान र निर्वाह भत्ता वितरणमा निर्देशिकाले तोके अनुसारको आ-आफ्नो भूमिका निर्वाह गर्नेछौं ।

(ङ) **सहयोग र समन्वय**: प्रदेश मन्त्रालय र गाँउपालिका तथा नगरपालिकाहरुले प्रधानमन्त्री रोजगार कार्यक्रमका सम्बन्धमा नेपाल सरकारबाट भएका निर्णयहरुको कार्यान्वयनका लागि तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग र समन्वय गर्नेछौं ।

(च) **अनुगमन तथा मूल्यांकन** : यस कार्यक्रम अन्तर्गत प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायबाट सञ्चालित आयोजनाहरुको अनुगमन तथा मूल्यांकन प्रदेश सामाजिक विकास मन्त्रालयले, नेपाल सरकारका विषयगत मन्त्रालय तथा निकायहरु, प्रदेश सरकार र स्थानीय तहका आयोजनाहरुको अनुगमन मन्त्रालयले र स्थानीय तहबाट सञ्चालित रोजगार आयोजनाहरुको सम्बन्धित गाउँ/नगरपालिकाले अनुगमन गर्ने कार्यमा आवश्यक समन्वय र सहयोग गर्नेछौं । त्यसै गरी रोजगार कार्यक्रमहरुको संयुक्त अनुगमन गर्न समेत सहमत छौं ।

(छ) **उत्तरदायित्व** : आफू अन्तर्गत सञ्चालन हुने कार्यक्रम व्यवस्थापनको उत्तरदायित्व आ-आफूले लिने र समग्रमा कार्यक्रमको उत्तरदायित्व प्रधानमन्त्री रोजगार कार्यक्रम प्रति रहने गरी कार्य गर्न हामी सहमत भएका छौं ।

२. **अनुदान** : प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि प्रदेशको सामाजिक विकास मन्त्रालयलाई निर्देशिकाको दफा ८३ को खण्ड (ङ) र गाउँ/नगर कार्यपालिकाको कार्यालयलाई सोही दफाको खण्ड (च), (छ) र (ज) बमोजिमको कार्यक्रम खर्चहरुका लागि रकम दफा ८४ बमोजिम सशर्त अनुदानका रुपमा नेपाल सरकारले उपलब्ध गराउनेछ ।

३. **वित्तीय अनुशासन र लेखापरीक्षण** : यस कार्यक्रम अन्तर्गत प्रदेश सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा जाने सशर्त अनुदान रकमको खर्च प्रक्रियामा वित्तीय अनुशासन कायम गर्ने, लेखा राख्ने र लेखा परीक्षण गराउने सम्पूर्ण जिम्मेवारी निर्देशिकाको दफा ८५ बमोजिम सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालय र सम्बन्धित स्थानीय तहको नै हुनेछ ।

हामी देहायका पक्षहरुले यस सम्झौताका व्यवस्थाहरुको पूर्ण पालना गर्ने प्रतिवद्धता सहित हस्ताक्षर गरी एक एक प्रति बुझिलियौं ।

| स्थानीय तहको तर्फबाट | प्रदेश सरकारको तर्फबाट | मन्त्रालयको तर्फबाट |
|---|---|---|
| नामः मदन सेन नडायक | नामः | नामः प्रकाश दाहाल |
| पदः गाउँपालिका अध्यक्ष | पदः सचिव | पदः सह-सचिव |
| मितिः २०७६/०२/०५ | मिति | मिति २०७६/०२/०४ |
| कार्यालयको छाप | कार्यालयको छाप | कार्यालयको छाप |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय कैलाली, नेपाल २०७४

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं